कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित र
बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ बमोजिमको कामकारोवार गर्ने

# कामना विकास बैंक लि.
# KAMANA BIKAS BANK Ltd.

(नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको राष्ट्रिय स्तरको इजाजतपत्र प्राप्त संस्था)


सृजनाचोक, पोखरा ८, कास्की, नेपाल ।
फोन नं. : ०६१–५३९६७२, ०६१–५३९६७३ फ्याक्स नं. ०६१–५३७४९९
E-mail: info@kamanabank.com.np Website: www.kamanabank.com.np


को

## "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु"

| |
|---|
| हाल कायम चुक्ता पूँजी रु.८०,४३,७९,२००.७३ को दश शेयर बराबर तीन शेयर (१० : ३) (अर्थात् विद्यमान १० कित्ता साधारण शेयर बराबर नयाँ ३ कित्ता साधारण शेयर) को अनुपातमा साविकका शेयरधनीहरुको लागि रु.२४,१३,१३,७६०.२० बराबरको प्रति शेयर रु.१००/– अंकित दरका २४,१३,१३७.६० कित्ता हकप्रद साधारण शेयर निष्काशन गर्नको लागि प्रकाशित । |
| **दरखास्तसाथ प्रति साधारण शेयर रु.१००/– का दरले शतप्रतिशत भुक्तानी माग गरिएको ।** |

### धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको उदघोषण

हामीलाई **कामना विकास बैंक लिमिटेड** तथा यसका संस्थापक/संचालकहरुले उपलब्ध गराएको विवरण तथा जानकारीहरुको आधारमा यस संस्थाको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययनबाट हामी सन्तुष्ट हुनुको साथै "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" मा लेखिएका आर्थिक विवरणहरु र अन्य जानकारी तथ्यगत, पूर्ण र सही देखिएकोले लगानीकर्ताहरुलाई लगानी सम्बन्धी निर्णय लिन मद्दत पुग्ने कुरा प्रति विश्वस्त भई हामीले यो "हकप्रद शेयर निष्काशन सम्बन्धी ब्यबस्था तथा विवरणहरु" स्वीकृतिका लागि नेपाल धितोपत्र बोर्डमा "धितोपत्र सम्बन्धी ऐन, २०६३" र "धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३" अनुरुपको योग्यता पुगेको प्रतिवद्धतापत्र (ड्यू डेलिजेन्स सर्टिफिकेट) प्रस्तुत गरेका छौं ।

### लगानीमा हुने जोखिम सम्बन्धी उद्घोषण :

धितोपत्रमा गरिने लगानीमा जोखिम हुने भएकोले त्यस्तो जोखिमको मुल्याङ्कन गर्ने प्रमुख दायित्व लगानीकर्ता स्वयंको हुनेछ र धितोपत्रको निष्काशन मुल्यले सुचिकरण पश्चात धितोपत्र बजारमा हुने कारोबार मुल्य नजनाउने हुँदा यस "हकप्रद शेयर निष्काशन सम्बन्धी ब्यबस्था तथा विवरणहरु" को दफा (थ) मा उल्लेखित जोखिमहरु समेतको अध्ययन गरेर मात्र लगानी सम्बन्धी निर्णय लिन सुझाव गरिन्छ ।

नेपाल धितोपत्र बोर्डबाट स्वीकृत भएको मिति : २०७४/२/१८ गते ।

हकप्रद शेयर निष्काशन खुल्ला हुने मिति २०७४/३/११ गते ।

हकप्रद शेयर निष्काशन बन्द हुने मिति २०७४/४/१५ गते (बैंकिङ समय पश्चात्) ।

## धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक

**NIBL CAPITAL**
**एनआईबिएल क्यापिटल मार्केट्स लि.**
A Subsidiary of नेपाल इन्भेष्टमेण्ट बैंक लि. NEPAL INVESTMENT BANK LTD.


पो.ब.नं. २३२२४, लाजिम्पाट, काठमाडौं, नेपाल
फोनः ४००५०८०, फ्याक्सः ४००५०८४
Email: info@niblcapital.com
Website: www.niblcapital.com


**यो "हकप्रद शेयर निष्काशन सम्बन्धी ब्यबस्था तथा विवरणहरु" धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको Website: www.niblcapital.com, कामना विकास बैंक लिमिटेडको Website:www.kamanabank.com.np र नेपाल धितोपत्र बोर्डको website: www.sebon.gov.np बाट समेत हेर्न सक्नु हुनेछ ।**

क) **संगठित संस्थाको नाम** : कामना विकास बैंक लिमिटेड **(Kamana Bikas Bank Limited)**

ख) **संगठित संस्थाको रजिष्टर्ड कार्यालय** : यस विकास बैंकको रजिष्टर्ड (केन्द्रीय) कार्यालय सृजनाचोक, पोखरा ८, कास्कीमा रहेकोछ ।

ग) **कारोबार स्थान** : यस विकास बैंकको वित्तीय कारोवार गर्ने मुख्य स्थान सृजनाचोक, पोखरा ८, कास्कीमा रहेकोछ । यसको अलावा विकास बैंकले आफ्नो कार्यक्षेत्र अन्तर्गत कास्की जिल्लाको चिप्लेढुङ्गा पोखरा, सृजनाचोक पोखरा, अमरसिङ्ग पोखरा, दीप पोखरा, विरौटा पोखरा, न्यूरोड पोखरा, डाँडाकोनाक लेखनाथ, ढुङ्गेपाटन लेखनाथ, तनहुँ जिल्लाको डुम्रे बजार, बाईस जाँगर, खैरेनी, ढोरफिर्दी, दमौली, चितवन जिल्लाको नारायणगढ, शारदानगर, खुर्खुरे, भरतपुर र नवलपरासी जिल्लाको दलदले, प्रगतिनगर, धादिङ्गको धादिङ्गवेसी, लमजुङ्गको दुइपिप्ले स्थित आफ्ना शाखा कार्यालयहरु मार्फत वित्तीय कारोवारहरु गर्दै आइरहेको छ । साथै यस विकास बैंकले भविष्यमा आवश्यकता अनुसार नेपाल राष्ट्र बैंकको स्वीकृति लिई शाखा, उपशाखा वा अन्य कार्यालय खोली वित्तीय कारोवार गर्न सक्नेछ ।

घ) **संगठित संस्थाको संक्षिप्त परिचय र उद्देश्य** : कामना विकास बैंक लिमिटेड, कम्पनी ऐन, २०६३ बमोजिम मिति २०६४/२/२४ गते नेपाल सरकार कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भै मिति २०६४/६/२४ मा नेपाल राष्ट्र बैंकबाट वित्तीय कारोवार गर्न इजाजत प्राप्त गरी मिति २०६४/७/१२ गते देखि यस विकास बैंकले आफ्नो वित्तीय कारोवार संचालन गरिरहेको छ । यस विकास बैंकका संस्थापकहरुमा बैंक/वित्तीय क्षेत्र, स्वास्थ्य, पर्यटन, शैक्षिक क्षेत्र एवं व्यापार/व्यवसायको साथै ब्यबस्थापन क्षेत्रमा लामो समय देखि दखल भएका प्रतिष्ठित व्यक्तित्वहरु रहेका छन् । नेपाल राष्ट्र बैंक ऐन, २०५८, बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०६३, कम्पनी ऐन, २०६३ तथा अन्य प्रचलित कानूनको अधिनमा रही वित्तीय कारोबार (वित्तीय ब्यबसाय) गर्ने यस विकास बैंकको मुख्य उद्देश्यहरु देहाय बमोजिम हुनेछ :

क) विकास बैंकका निक्षेपकर्ता तथा शेयरधनीको हक हितको संरक्षण र सम्बर्द्धन गर्दै स्वस्थ्य प्रतिस्पर्धाबाट सर्वसाधारणलाई गुणस्तरीय तथा भरपर्दो वित्तीय मध्यस्थता सेवा उपलब्ध गराउने,

ख) कृषि, उद्योग, सेवा, व्यापार तथा अन्य व्यवसायिक रुपले सम्भाब्य देखिएका उत्पादनशील व्यवसायको स्थापना, विकास, विस्तार र क्षमता एवम् उत्पादकत्व बृद्धिका लागि आवश्यक वित्तीय साधन आन्तरिक तथा बाह्य श्रोतबाट जुटाई देशको औद्योगिक, व्यापारिक एवं कृषि क्षेत्रको विकासमा गतिशिलता ल्याउन सहयोग पुऱ्याउने,

ग) उपलब्ध शीप, श्रम तथा पूँजीलाई उचित रुपमा परिचालन गरी ग्रामीण तथा शहरी क्षेत्रमा उत्पादन एवम् रोजगारीमूलक व्यवसायको स्थापना, सञ्चालन, विकास, विस्तार एवम् प्रबर्द्धन गर्ने र सो कार्यको लागि आवश्यक वित्तीय साधन, प्राविधिक तथा व्यवस्थापकीय परामर्श सेवा, तालिम तथा प्रविधि उपलब्ध गराई गरिबी निवारणका लागि सक्रिय रुपमा संलग्न भई सहयोग पुऱ्याउने र

घ) मुलुकमा छरिएर रहेको पूँजीलाई एकिकृत गरी संस्थागत लगानी तथा स्वस्थ प्रतिस्पर्धाको माध्यमबाट वित्तीय मध्यस्थताको सेवा उपलब्ध गराउने ।

ङ) **शेयर पूँजीको संरचना :**

क) **अधिकृत पूँजी**: यस विकास बैंकको अधिकृत पूँजी रु.३,००,००,००,०००/–(अक्षरेपी तीन अर्व) रहेकोछ, जसलाई प्रति शेयर रु.१००/–का दरले जम्मा ३,००,००,००० कित्ता साधारण शेयरमा विभाजन गरिएको छ ।

ख) **जारी पूँजी**: यस विकास बैंकको जारी पूँजी रु.१,०४,५६,९२,९६०/९५ (अक्षरेपी एक अर्व चार करोड छपन्न लाख बयानब्बे हजार नौ सय साठी दशमलब पन्चानब्बे) रहेकोछ, जसलाई प्रति शेयर रु.१००/–का दरले जम्मा १,०४,५६,९२९/६० कित्ता साधारण शेयरमा विभाजन गरिएको छ ।

ग) **चुक्ता पूँजी**: हाल विकास बैंकको चुक्ता पूँजी रु. ८०,४३,७९,२००।७३ (अक्षरेपी असी करोड त्रिचालीस लाख उनान्असी हजार दुई सय दशमलव त्रिहत्तर) रहेकोछ, जसलाई प्रति शेयर रु.१००/–अंकित मूल्यका ८०,४३,७९२ कित्ता साधारण शेयरमा विभाजन गरिएको छ । यस विवरण मार्फत् हकप्रद शेयर निष्काशन गरी बाँडफाँड गरे पश्चात विकास बैंकको चुक्ता पूँजी रु.१,०४,५६,९२,९६०/९५(अक्षरेपी एक अर्व चार करोड छपन्न लाख बयानब्बे हजार नौ सय साठी दशमलब पन्चानब्बे) हुनेछ ।

**च) हकप्रद शेयर निष्काशन गर्नु पूर्व र निष्काशन पश्चात् संगठित संस्थाको चुक्ता पूंजीको स्थिति :**

हकप्रद शेयर निष्काशन गर्नुपूर्व विकास बैंकको चुक्ता पूँजीको संरचना :

| समूह | शेयर शेयरधनीहरु | शेयर कित्ता | पूँजी संरचना | चुक्ता रकम (रु.) | भुक्तानी प्रतिशत |
|---|---|---|---|---|---|
| (क) | संस्थापक | ४१,०२,३३४.४६ | ५१% | ४१,०२,३३,४४६.४८ | शतप्रतिशत |
| (ख) | सर्वसाधारण (कर्मचारीहरु समेत) | ३९,४१,४५७.५४ | ४९% | ३९,४१,४५,७५४.२५ | शतप्रतिशत |
| | **जम्मा** | ८०,४३,७९२.०० | १००% | ८०,४३,७९,२००.७३ | |

हकप्रद शेयर निष्काशन गरी बाँडफाँड गरे पश्चात हुने विकास बैंकको चुक्ता पूँजीको संरचना :

| समूह | शेयरधनीहरु | शेयर कित्ता | पूँजी संरचना | चुक्ता रकम (रु.) | भुक्तानी प्रतिशत |
|---|---|---|---|---|---|
| (क) | संस्थापक | ५३,३३,०३४.८० | ५१% | ५३,३३,०३,४८०.४३ | शतप्रतिशत |
| (ख) | सर्वसाधारण (कर्मचारीहरु समेत) | ५१,२३,,८९४.८० | ४९% | ५१,२३,८९,४८०.५२ | शतप्रतिशत |
| | **जम्मा** | **१,०४,५६,९२९.६०** | १००% | **१,०४,५६,९२,९६०.९५** | |

छ) हालका शेयरधनीहरुको समूह खुल्ने गरी संस्थापकहरुको हकमा निजहरुको नाम, ठेगाना तथा उनीहरुले लिएको शेयर संख्या :

| क्र.सं. | शेयरधनीको नाम, थर | ठेगाना | शेयर संख्या | चुक्ता रकम | भुक्तानी |
|---|---|---|---|---|---|
| १ | श्रीमति तुलसा पाण्डे | पो.उ.म.न.पा.८, कास्की | ३०,५,७३३.२६ | ३,०५,७३,३२६.४६ | शत प्रतिशत |
| २ | श्रीमति सीता आचार्य | का.म.न.पा.१०, काठमाण्डौं | २३,१,७८६.१३ | २,३१,७८,६१२.८७ | शत प्रतिशत |
| ३ | श्री श्रीराम पाण्डे | पो.उ.म.न.पा.८, कास्की | १,९०,९४५.९७ | १,९०,९४,५९६.६७ | शत प्रतिशत |
| ४ | श्री मदन शर्मा | पो.उ.म.न.पा.६,कास्की | १,६५,५६०.२९ | १,६५,५६,०२८.६९ | शत प्रतिशत |
| ५ | श्री गणेश बहादुर श्रेष्ठ | पोखरा-१, बगर, कास्की | १,३८,३२७.८८ | १,३८,३२,७८८.२१ | शत प्रतिशत |
| ६ | श्री चक्रपाणी बास्तोला | पो.उ.म.न.पा.९,कास्की | १,३०,४०३.०६ | १,३०,४०,३०६.०६ | शत प्रतिशत |
| ७ | श्री लक्ष्मी दवी गुरुङ्ग | पुम्दी भुम्दी गा.वि.स.१, कास्की | १,१२,६९६.०१ | १,१२,६९,६०१.३७ | शत प्रतिशत |
| ८ | श्री रिब बहादुर थापा | पोखरा-१२, अन्नपूर्ण मार्ग, कास्की | १,०४,६१७.८८ | १,०४,६१,७८८.०२ | शत प्रतिशत |
| ९ | श्री विनोद न्यौपाने | सि.नं.पा.९, रुपन्देही | ९९,३३५.७६ | ९९,३३,५७६.३९ | शत प्रतिशत |
| १० | श्री दीपक खरेल | सि.नं.पा.९, रुपन्देही | ९९,३३६.२७ | ९९,३३,६२६.८० | शत प्रतिशत |
| ११ | श्री गोपी नाथ बराल | ले.न.पा.७,कास्की | ८५,४३७.३७ | ८५,४३,७३७.१६ | शत प्रतिशत |
| १२ | श्री भरत राज कोइराला | पो.उ.म.न.पा.४,कास्की | ८५,४३७.५५ | ८५,४३,७५४.८७ | शत प्रतिशत |
| १३ | श्री राजेन्द्रनिधि कोइराला | पो.उ.म.न.पा.४,कास्की | ७८,९२८.४० | ७८,९२,८३९.८६ | शत प्रतिशत |
| १४ | श्री रश्मी पौडेल | लेखनाथ-१, भण्डारढीक, कास्की | ७४,८५९.६८ | ७४,८५,९६७.७७ | शत प्रतिशत |
| १५ | श्री दिपकलाल वाटाजु | पो.उ.म.न.पा.९,कास्की | ६५,०९६.०० | ६५,०९,५९९.८९ | शत प्रतिशत |
| १६ | श्री दिपक श्रेष्ठ | पो.उ.म.न.पा.८, कास्की | ६६,२२४.५० | ६६,२२,४५०.१४ | शत प्रतिशत |
| १७ | श्री रविन्द्र प्रधान | पो.उ.म.न.पा.२, कास्की | ६६,२२४.२७ | ६६,२२,४२६.९० | शत प्रतिशत |
| १८ | श्री राजेन्द्र कुमार बाटाजु | पो.उ.म.न.पा.८, कास्की | ६६,२२४.५६ | ६६,२२,४५६.३७ | शत प्रतिशत |
| १९ | श्रीमति डा. शुष्मा सापकोटा | पो.उ.म.न.पा.८, कास्की | ६५,५९४.४४ | ६५,५९,४४३.६० | शत प्रतिशत |
| २० | श्री डम्बर बहादुर थापा | लेखनाथ-५, बिजयपुर, कास्की | ५८,९९२.२७ | ५८,९९,२२६.८५ | शत प्रतिशत |
| २१ | श्री एकराज जमरकट्टेल | ले.न.पा.८,कास्की | ५७,५७०.०९ | ५७,५७,००९.१३ | शत प्रतिशत |
| २२ | श्री बद्रीनाथ पराजुली | लेखनाथ-१२, गगनगौंडा, कास्की | ५७,३६५.८० | ५७,३६,५७९.९८ | शत प्रतिशत |
| २३ | श्री वावुराम जमरकट्टेल | लेखनाथ-८, शिशुवा, कास्की | ५३,९०७.०२ | ५३,९०,७०२.३८ | शत प्रतिशत |
| २४ | श्री देवकृष्ण काफ्ले | पो.उ.म.न.पा.१,कास्की | ५१,५६९.१३ | ५१,५६,९१२.९६ | शत प्रतिशत |
| २५ | श्री चतुराखर अधिकारी | ले.न.पा.७,कास्की | ४८,६४०.६१ | ४८,६४,०६१.२४ | शत प्रतिशत |
| २६ | श्री शंकर प्रसाद पाण्डे | पो.उ.म.न.पा.८, कास्की | ५१,४०२.७५ | ५१,४०,२७४.५९ | शत प्रतिशत |
| २७ | श्रीमति डा.सरस्वती पाण्डे | पो.उ.म.न.पा.८, कास्की | ५१,४०२.७७ | ५१,४०,२७६.८७ | शत प्रतिशत |
| २८ | श्री प्रकाश मोहन भट्टराई | ले.न.पा.४,कास्की | ४८,५६३.९५ | ४८,५६,३९५.०४ | शत प्रतिशत |
| २९ | श्री बिष्णु राज पराजुली | पो.उ.म.न.पा.५,कास्की | ४३,९३९.५५ | ४३,९३,९५५.१८ | शत प्रतिशत |
| ३० | श्री मदुसुदन शर्मा | का.म.न.पा.९, काठमाण्डौं | ४७,३०२.५२ | ४७,३०,२५२.१२ | शत प्रतिशत |
| ३१ | श्री शम्भुलाल श्रेष्ठ | पोखरा-९, नयाँबजार, कास्की | ४३,३२९.७३ | ४३,३२,९७३.१५ | शत प्रतिशत |
| ३२ | श्री भिम प्रसाद गुरुङ्ग | पुम्दी भुम्दी गा.वि.स.१, कास्की | ४२,७१७.९० | ४२,७१,७९०.४१ | शत प्रतिशत |
| ३३ | श्री अञ्जु गुरुङ्ग | पोखरा उ.म.न.पा.१७, कास्की | ४२,७१७.९६ | ४२,७१,७९६.०२ | शत प्रतिशत |
| ३४ | श्री राजेन गुरुङ्ग | पुम्दी भुम्दी गा.वि.स.१, कास्की | ४२,७१८.५२ | ४२,७१,८५१.७६ | शत प्रतिशत |
| ३५ | श्री सुर्य नारायण लामिछाने | पो.उ.म.न.पा.८,कास्की | ४२,७१८.७२ | ४२,७१,८७१.८४ | शत प्रतिशत |
| ३६ | श्री लक्ष्मी देवी पाण्डे | भरतपुर-१०, चितवन | ४२,७१८.७६ | ४२,७१,८७५.८३ | शत प्रतिशत |
| ३७ | श्री सुमन घिमिरे | छाङ-१, थर्पु, तनहुं | ४०,५७९.४२ | ४०,५७,९४१.७४ | शत प्रतिशत |
| ३८ | श्री शान्त कुमार श्रेष्ठ | पो.उ.म.न.पा.९,कास्की | ३७,६३३.६२ | ३७,६३,३६१.७९ | शत प्रतिशत |

| | | | | | |
|---|---|---|---|---|---|
| ३९ | श्री परशुराम कोइराला | पो.उ.म.न.पा.४,कास्की | ३६,००५.६९ | ३६,००,५६८.८४ | शत प्रतिशत |
| ४० | श्री सरस्वती गुरुङ्ग | पोखरा-१, बुद्धटोल बगर, कास्की | ३५,६५८.४० | ३५,६५,८३९.६३ | शत प्रतिशत |
| ४१ | श्री कृष्ण प्रसाद आचार्य | निर्मलपोखरी ९, कास्की | ३४,०२७.५२ | ३४,०२,७५१.८३ | शत प्रतिशत |
| ४२ | श्री डा.दीपक भट्टराई | का.म.न.पा.३, काठमाण्डौं | ३३,११२.०५ | ३३,११,२०५.२१ | शत प्रतिशत |
| ४३ | श्रीमति डम्बर कुमारी गुरुङ्ग | पो.उ.म.न.पा.३, कास्की | ३३,१११.२२ | ३३,११,१२१.५५ | शत प्रतिशत |
| ४४ | श्री डा.मुकुन्द प्रसाद आचार्य | पो.उ.म.न.पा.१०, कास्की | ३३,१११.४० | ३३,११,१३९.९६ | शत प्रतिशत |
| ४५ | श्री वावुराम पन्त | हर्दिनेटा गा.वि.स ३, गुल्मी | ३०,२७५.२३ | ३०,२७,५२२.८५ | शत प्रतिशत |
| ४६ | श्री केवल बहादुर कोईराला | पो.उ.म.न.पा.४, कास्की | २८,३८१.६१ | २८,३८,१६१.२७ | शत प्रतिशत |
| ४७ | श्री रञ्जु कुमारी गुरुङ्ग | पो.उ.म.न.पा.१,कास्की | २५,२३४.९० | २५,२३,४९०.१६ | शत प्रतिशत |
| ४८ | श्री प्रतिज्ञा पाण्डे | मदनपोखरा गा.वि.स.१, पाल्पा | २६,४८८.९९ | २६,४८,८९८.७२ | शत प्रतिशत |
| ४९ | श्री रबिन्द्रनाथ भट्टराई | ले.न.पा.८,कास्की | २३,८४६.२० | २३,८४,६१९.८८ | शत प्रतिशत |
| ५० | श्री खेमनाथ भट्टराई | ले.न.पा.११, कास्की | २३,३९४.०५ | २३,३९,४०४.७८ | शत प्रतिशत |
| ५१ | श्री लक्ष्मी भट्टराई | नरीपोखरी पालुङटार-९, गोरखा | २१,९००.०४ | २१,९०,००४.०७ | शत प्रतिशत |
| ५२ | श्री अरुणा बडाल | का.म.न.पा.७, काठमाण्डौं | २३,७१६.५५ | २३,७१,६५४.८३ | शत प्रतिशत |
| ५३ | श्री रीपो मर्दिनी प्रा.लि. | का.म.न.पा.१०, काठमाण्डौं | २३,६५२.७० | २३,६५,२६९.९६ | शत प्रतिशत |
| ५४ | श्री कृष्ण बहादुर थापा क्षेत्री | पो.उ.न.पा.७, कास्की | २२,२७९.३८ | २२,२७,९३८.२५ | शत प्रतिशत |
| ५५ | श्री शिव प्रसाद न्यौपाने | लेखनाथ-८, शिशुवा, कास्की | २१,३६०.४७ | २१,३६,०४७.३४ | शत प्रतिशत |
| ५६ | श्री अग्निधर पराजुली | पो.उ.म.न.पा.मासवार, कास्की | २१,३५९.०५ | २१,३५,९०५.२८ | शत प्रतिशत |
| ५७ | श्री गणपती ओझा | काठमाण्डौ-१४,कलङ्की | २१,३५८.४४ | २१,३५,८४४.३४ | शत प्रतिशत |
| ५८ | श्री राजेन्द्र ओझा | लेखनाथ-८, शिशुवा, कास्की | २०,७९४.७१ | २०,७९,४७१.३९ | शत प्रतिशत |
| ५९ | श्री दधीराज अधिकारी | छाङ्ग गा.वि.स.४,तनहुँ | २०,५१९.७५ | २०,५१,९७५.४८ | शत प्रतिशत |
| ६० | श्री बिष्णु प्रसाद गौतम | लेखनाथ-८, शिशुवा,कास्की | १८,७१५.९० | १८,७१,५९०.३६ | शत प्रतिशत |
| ६१ | श्री नरहरि उपाध्याय गौतम | पो.उ.म.न.पा.११,कास्की | १७,०८७.३९ | १७,०८,७३९.३० | शत प्रतिशत |
| ६२ | श्री सत्य देवी गौतम | पो.उ.म.न.पा.१५, कास्की | १७,६५८.४६ | १७,६५,८४५.९४ | शत प्रतिशत |
| ६३ | श्री राधादेवी मल्ल | पोखरा १, बगर, कास्की | १६,२७४.६७ | १६,२७,४६६.५९ | शत प्रतिशत |
| ६४ | श्री मोहन सिंह लालचन | मार्फा १, मुस्ताङ | १७,५१३.२० | १७,५१,३१९.९२ | शत प्रतिशत |
| ६५ | श्री डा.ओम प्रकाश शमा | थपाठाना-७, पर्वत | १६,०७९.६८ | १६,०७,९६८.४५ | शत प्रतिशत |
| ६६ | श्री सोम प्रसाद पाण्डे | मदनपोखरा गा.वि.स.१, पाल्पा | १५,७६७.५८ | १५,७६,७५८.२५ | शत प्रतिशत |
| ६७ | श्री राजेन्द्र कुमार लालचन | पो.उ.म.न.पा.९, कास्की | १५,५९८.४५ | १५,५९,८४४.५९ | शत प्रतिशत |
| ६८ | श्री लक्ष्मण बांस्तोला | लेखनाथ-८, शिशुवा, कास्की | १४,२१६.१५ | १४,२१,६१५.३८ | शत प्रतिशत |
| ६९ | श्री रविन्द्र अधिकारी | लेखनाथ-११, बेगनासताल, कास्की | १४,२०४.३१ | १४,२०,४३०.९७ | शत प्रतिशत |
| ७० | श्री रिता भट्टराई | लेखनाथ-८, शिशुवा | १३,७८९.६७ | १३,७८,९६६.६७ | शत प्रतिशत |
| ७१ | श्री उपेन्द्र राज सुवेदी | लेखनाथ-८, शिशुवा,कास्की | १३,२२३.९३ | १३,२२,३९२.७३ | शत प्रतिशत |
| ७२ | श्री बसन्तप्रसाद पराजुली | पो.उ.म.न.पा.२,कास्की | १२,८७१.४३ | १२,८७,१४३.१४ | शत प्रतिशत |
| ७३ | श्री मुकुन्द शरण उपाध्याय | हेम्जा गा.वि.स.- कास्की | १२,३०६.१६ | १२,३०,६१६.२९ | शत प्रतिशत |
| ७४ | श्रीमति सुशिला पौडेल(भट्टराई) | पो.उ.म.न.पा.८, कास्की | १३,२४३.८४ | १३,२४,३८४.०१ | शत प्रतिशत |
| ७५ | श्री पुरुषोत्तम अधिकारी | लेखनाथ-११, बेगनासताल, कास्की | ११,८३६.८३ | ११,८३,६८३.३२ | शत प्रतिशत |
| ७६ | श्री बिष्णु प्रसाद भण्डारी | लेखनाथ-८, शिशुवा, कास्की | १०,६७९.५२ | १०,६७,९५२.१३ | शत प्रतिशत |
| ७७ | श्री निलराज भट्टराई | लेखनाथ-७, शिशुवा, कास्की | ९,५४९.७८ | ९,५४,९७७.९७ | शत प्रतिशत |
| ७८ | श्री डा.बेदनाथ शर्मा | ले.न.पा.१०, कास्की | ८,९३४.३१ | ८,९३,४३०.६३ | शत प्रतिशत |
| ७९ | श्री कृष्ण प्रसाद वस्याल | वराडदी गा.वि.स.७, पाल्पा | ९,४५९.५२ | ९,४५,९५१.७१ | शत प्रतिशत |

| | | | | | |
|---|---|---|---|---|---|
| ८० | श्री सुदिप आचार्य | पो.उ.म.न.पा.९, कास्की | ९,४६०.११ | ९,४६,०१०.८६ | शत प्रतिशत |
| ८१ | श्री ऋषिराम सुवेदी | भाचोक-८, मकैखोला, कास्की | ८,१३६.८६ | ८,१३,६८५.५४ | शत प्रतिशत |
| ८२ | श्री विजय मोहन भट्टराई | ले.न.पा.४, कास्की | ८,४८२.६५ | ८,४८,२६४.५३ | शत प्रतिशत |
| ८३ | श्री बुद्धिमान गुरुङ्ग | का.म.न.पा.३३, काठमाण्डौं | ७,८८४.३४ | ७,८८,४३३.८४ | शत प्रतिशत |
| ८४ | श्री रुकमिना गुरुङ्ग | आर्थरर्डाडा ६, पर्वत | ७,०६०.६४ | ७,०६,०६३.७६ | शत प्रतिशत |
| ८५ | श्री सृजना शर्मा पण्डीत | ले.न.पा. ७, कास्की | ६,७२५.७७ | ६,७२,५७७.२७ | शत प्रतिशत |
| ८६ | श्री नारायण प्रसाद सुवेदी | पो.उ.म.न.पा.२, कास्की | ६,६२२.४३ | ६,६२,२४३.१४ | शत प्रतिशत |
| ८७ | श्री नुनेन्द्र नारायण शाह | पो.उ.म.न.पा.५, कास्की | ६,६२१.२९ | ६,६२,१२८.८१ | शत प्रतिशत |
| ८८ | श्री राम प्रसाद पन्त | पो.उ.म.न.पा.४, कास्की | ६,६२२.१७ | ६,६२,२१६.९० | शत प्रतिशत |
| ८९ | श्री ठाकुर प्रसाद रानाभाट | ले.न.पा.५,कास्की | ६,६२१.५१ | ६,६२,१५०.८२ | शत प्रतिशत |
| ९० | श्री देविदत्त ज्ञवाली | पो.उ.म.न.पा.१०, कास्की | ६,३०६.५५ | ६,३०,६५४.९१ | शत प्रतिशत |
| ९१ | श्री इन्द्र प्रसाद लम्साल | भरतपुर-१०, चितवन | ५,३७९.८८ | ५,३७,९८८.२१ | शत प्रतिशत |
| ९२ | श्री सरस्वती सापकोटा | पोखरा-१०, औद्योगीक क्षेत्र, कास्की | ५,३५६.५४ | ५,३५,६५४.३४ | शत प्रतिशत |
| ९३ | श्री राधादेवी बास्तोला | ले.न.पा.८,कास्की | ४,०३४.७८ | ४,०३,४७७.६६ | शत प्रतिशत |
| ९४ | श्री दिपक त्रिपाठी | लेखनाथ ८, कास्की | ४,०३४.८८ | ४,०३,४८७.७४ | शत प्रतिशत |
| ९५ | श्री कृष्ण प्रसाद तिवारी | शंकरनगर २, रुपन्देही | ३,७८४.८८ | ३,७८,४८८.१९ | शत प्रतिशत |
| ९६ | श्रीमति इन्दिरा पाण्डे | पो.उ.म.न.पा.८, कास्की | ३,१५२.६५ | ३,१५,२६४.५५ | शत प्रतिशत |
| ९७ | श्री मोहनाथ त्रिपाठी | ले.न.पा.७,कास्की | २,६९०.५३ | २,६९,०५३.२५ | शत प्रतिशत |
| ९८ | श्री पम्फा गुरुङ्ग | पो.उ.न.पा, ८, कास्की | २,६८९.९३ | २,६८,९९३.१२ | शत प्रतिशत |
| ९९ | श्री टेकनाथ भट्टराई | भरतपुर ४, चितवन | २,६८९.६५ | २,६८,९६४.६५ | शत प्रतिशत |
| १०० | श्री राजेश भट्टराई | लेखनाथ, ११, कास्की | २,०९८.११ | २,०९,८१०.८० | शत प्रतिशत |
| १०१ | श्री चित्र प्रसाद भट्टराई | लेखनाथ, ११, कास्की | २,०९८.४० | २,०९,८४०.३० | शत प्रतिशत |
| १०२ | श्री हरि प्रसाद पाण्डे | अर्घली गा.वि.स.२, पाल्पा | १,५७६.६७ | १,५७,६६६.९३ | शत प्रतिशत |
| १०३ | श्री ज्ञानु शर्मा तिवारी | भरतपुर-६, चितवन | १,३४४.८५ | १,३४,४८५.३३ | शत प्रतिशत |
| १०४ | श्री कृष्ण प्रसाद बास्तोला | लेखनाथ ८, कास्की | १,३४५.७६ | १,३४,५७५.८९ | शत प्रतिशत |
| १०५ | श्री लाल प्रसाद गुरुङ्ग | पो.उ.म.न.पा ८, कास्की | १,३४४.९१ | १,३४,४९१.१७ | शत प्रतिशत |
| १०६ | श्री कृष्ण प्रसाद काफ्ले | शिवनगर.९, चितवन | १,००८.२३ | १,००,८२३.०० | शत प्रतिशत |
| | संस्थापक समुह जम्मा (क) | | ४१,०२,३३४.४६ | ४१,०२,३३,४४६.४८ | |
| | सर्वसाधारण समुह जम्मा (ख) | | ३९,४१,४५७.५४ | ३९,४१,४५,७५४.२५ | |
| | **जम्मा (क+ख)** | | **८०,४३,७९२.००** | **८०,४३,७९,२००.७३** | |

**ज) निष्काशन गरिने हकप्रद शेयरको संख्या तथा त्यसको अनुपात :**

यस विवरण मार्फत हाल कायम चुक्ता पूँजी ८०,४३,७९,२००.७३ को दश शेयर बराबर तीन शेयर (१० : ३) (अर्थात् विद्यमान १० कित्ता साधारण शेयर बराबर नयाँ ३ कित्ता साधारण शेयर) को अनुपातमा साविकका शेयरधनीहरुको लागि रु.२४,१३,१३,७६०.२० बराबरको प्रति शेयर रु.१००/–अंकित दरका २४,१३,१३७.६० कित्ता हकप्रद साधारण शेयर निष्काशन गरिनेछ ।

**झ) धितोपत्र निष्काशन गर्ने सम्बन्धमा साधारण सभाले गरेको निर्णय तथा साधारण सभा सम्पन्न भएको मिति :**

हकप्रद शेयर निष्काशन गर्ने सम्बन्धमा साधारण सभाले गरेको निर्णय :

यस विकास बैंकको हाल कायम चुक्ता पूँजी रु. ८०,४३,७९,२००.७३ को दश शेयर बराबर तीन शेयर (१० : ३) (अर्थात् विद्यमान १० कित्ता साधारण शेयर बराबर नयाँ ३ कित्ता साधारण शेयर) को अनुपातमा साविकका शेयरधनीहरुको लागि रु.२४,१३,१३,७६०.२० बराबरको प्रति शेयर रु.१००/–अंकित दरका २४,१३,१३७.६० कित्ता हकप्रद साधारण शेयर निष्काशन गर्ने प्रस्ताव सर्वसम्मतिले पारित गर्ने निर्णय गरियो ।

साधारण सभा सम्पन्न भएको मिति : **२०७३/११/१९ गते सम्पन्न दशौ बार्षिक साधारण सभा ।**

ञ) **संचालकहरुको परिचय :**

यस विकास बैंकका संचालक समितिमा हाल देहाय बमोजिमका संचालकहरुले प्रतिनिधित्व गर्नु भएको छ ।

**सञ्चालकहरुको विवरण :**

| सि.नं. | नाम, ठेगाना | पद | योग्यता | व्यवसायिक अनुभव | प्रतिनिधित्व समूह |
|---|---|---|---|---|---|
| १. | श्री सुदिप आचार्य<br>काठमाण्डौ -१० | अध्यक्ष | स्नातकोत्तर | डिस मेडिया नेटवर्क प्रा.लि., मल्टी इनर्जी हाइड्रो प्रा.लि. र रिपुमर्दिनि प्रा.लि. मा संचालक । | संस्थापक समूह |
| २. | श्री चतुराखर अधिकारी<br>ले.न.पा. -७, कास्की | संचालक | स्नातक | सेवा निवृत्त मा. वि. शिक्षक, लेखनाथ उद्योग वाणिज्य संघ-पूर्व अध्यक्ष, लक्ष्मी आदर्श वहुमुखी क्याम्पसमा-संस्थापक अध्यक्ष । | संस्थापक समूह |
| ३. | श्री मदन शर्मा खनाल<br>पोखरा-६, कास्की | संचालक | स्नातक | बरदान रिसोर्ट प्रा.लि.-व्यवस्थापक, कन्या क्याम्पस,मातृशिशु अस्पतालमा संचालक पदमा रहि कार्य गरेको अनुभव । | सर्वसाधारण समूह |
| ४. | श्री खेमनाथ भट्टराई<br>ले.न.पा. -११, कास्की | संचालक | आइ.ए. | रुपा हस्पीटल-प्रबन्ध निर्देशक भई कार्य गरेको अनुभव, लेखनाथ उद्योग वाणिज्य संघमा द्धित्तिय उपाध्यक्ष भई कार्य गरेको अनुभव । | संस्थापक समूह |
| ५. | श्री विष्णुराज पराजुली<br>पो.उ.म.न.पा.५, कास्की | संचालक | स्नातकोत्तर | पृथ्विनारायण वहुमुखि क्याम्पसमा अर्थशास्त्र विषयको प्राध्यापन । | सर्वसाधारण समूह |
| ६. | श्री श्रीराम पाण्डे<br>पो.उ.म.न.पा. -८, कास्की | संचालक | स्नातकोत्तर | पोखरा फुड्स प्रा.लि.-संचालक, पोखरा नुडल्स प्रा.ली.-संचालक, भगवती हाइड्रोपावर -संचालक । | संस्थापक समूह |
| ७. | श्री देवकृष्ण काफ्ले<br>पोखरा-१९, कास्की | संचालक | स्नातक | पुस्तक व्यवसायी, नेपाल पुस्तक तथा स्टेशनरी महासंघ-क्षेत्रिय उपाध्यक्ष | सर्वसाधारण समूह |
| ८. | श्री बलराम बराल<br>पोखरा-२२, कास्की | संचालक | स्नातक | रम्बा जनरल फुड्स इण्डस्ट्रीज प्रा.लि.-निर्देशक | सर्वसाधारण समूह |

**विकास बैंकको प्रमुख कार्यकारी अधिकृतको नाम, ठेगाना, योग्यता तथा अनुभव सम्बन्धी विवरण :**

**नाम** : श्री तोयराज अधिकारी ।

**ठेगाना** : मध्यनेपाल नगरपालिका ४, दुइपिप्ले, लमजुङ्ग ।

**योग्यता** : एम.ए. अर्थशास्त्र ।

**अनुभव** : माछापुच्छ्रे बैंक लिमिटेडको व्यबस्थापकिय तहमा करिब ११ बर्ष कार्य गरेको अनुभव । साविकको कास्की फाईनान्स लि.मा प्रमुख कार्यकारी अधिकृतको रुपमा करिब ६ बर्षको कार्य अनुभव ।

ट) **संचालक समितिको बनौट :**

विकास बैंकको नियमावलीमा भएको व्यवस्था अनुसार ९ (नौ) जना संचालकहरु रहेको एक संचालक समिति देहाय बमोजिम गठन हुनेछ :

| | |
|---|---|
| "क" समूहका संस्थापक शेयरधनीहरुको प्रतिनिधित्व गर्ने गरी निर्वाचित सञ्चालकहरु | ४ जना |
| "ख" समूहका सर्वसाधारण शेयरधनीहरुको प्रतिनिधित्व गर्ने गरी निर्वाचित सञ्चालकहरु | ४ जना |
| नेपाल राष्ट्र बैंकले कायम गरेको व्यवसायिक विशेषज्ञबाट मनोनित सञ्चालक | १ जना |
| **जम्मा** | **९ जना** |

ठ) **लिनुपर्ने न्यूनतम शेयर संख्या र दरखास्त साथ पठाउनु पर्ने पेश्की रकम :**

हकप्रद शेयर निष्काशन प्रयोजनको लागि विकास बैंकले हकप्रद शेयर निष्काशन पूर्व सार्वजनिक सूचना मार्फत जानकारी गराएको मिति सम्ममा शेयर खरिद गरी कायम भएका साविक शेयरधनीहरुले आफ्नो नाममा कायम रहेको साधारण शेयरको दश शेयर बराबर तीन शेयर (१० : ३) को अनुपातमा प्रति शेयर रु.१००/–का दरले हुन आउने एकमुष्ट रकम भुक्तानी गरी आवेदन दिन सक्नेछन् । साविक शेयरधनीले चाहेमा आफ्नो कायम हक भन्दा कम हकप्रद शेयर खरिद गर्न आवेदन दिन सक्नेछ र यसरी आफ्नो हक भन्दा कम हकप्रद शेयर खरिदका लागि आवेदन दिने शेयरधनीहरुको हकमा दरखास्तमा माग गरे बमोजिम नै हकप्रद शेयर बाँडफाँड गरिनेछ ।

**ड) साविकका शेयरधनीहरुले हकप्रद शेयर खरिदका लागि दरखास्त नदिई बाँकी रहन गएका शेयरहरुको बिक्री गर्ने सम्बन्धी व्यवस्था :**

साविकका शेयरधनीहरुले हकप्रद शेयर खरिदका लागि दरखास्त नदिई बाँकी रहन गएका शेयरहरुको सम्बन्धमा "धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४" मा भएको व्यवस्था अनुसार संचालक समितिले अत्यन्त पारदर्शी तरिका (जस्तै : शिलबन्दी बोलपत्रद्धारा लिलाम बढाबढ) बाट बिक्री गरिनेछ । यसरी बिक्री गर्दा खरिद गर्न चाहने लगानीकर्ता सबैलाई समान अवसर प्रदान गरिनेछ ।

**ढ) हकप्रद शेयर भए सो को अनुपात भन्दा बढी शेयर खरिद गर्न पाउने/नपाउने सम्बन्धी व्यवस्था :**

यस हकप्रद शेयरको अनुपात भन्दा बढी शेयर खरिद गर्न पाउने छैन । तर कुनै शेयरधनीले आफ्नो कायम हकको आधारमा हकप्रद शेयर खरिदका लागि आवेदन दिंदा खण्डित शेयर (Fraction Share) मा शेयर संख्या पर्न आएमा नजिकको माथिल्लो शेयर कित्ताको लागि आवेदन दिन सक्नेछ । यसरी माथिल्लो शेयर कित्ताको लागि आवेदन दिने शेयरधनीहरुको हकमा यस हकप्रद शेयर निष्काशनको क्रममा बिक्री नभई बाँकी रहेको शेयरहरुबाट समायोजन गर्ने गरी बाँडफाँट गरिनेछ । यदि यस हकप्रद शेयरको लागि निष्काशन गरिएको सम्पूर्ण शेयरका लागि आवेदन प्राप्त भएमा नेपाल धितोपत्र बोर्डको पूर्व स्वीकृती लिई विकास बैंकको संचालक समितिले माथिल्लो शेयर कित्ता माग गरी दरखास्त दिने शेयरधनीहरुलाई हकप्रद शेयर बाँडफाँट गरिनेछ । यस विवरण मार्फत निष्काशन गरिने हकप्रद शेयरको लागि आफ्नो कायम हक भन्दा बढी हकप्रद शेयरको लागि दरखास्त दिन पाइने छैन । तर साविक शेयरधनीले आफ्नो कायम हक भन्दा कम हकप्रद शेयर खरिद गर्न आवेदन दिन सक्नेछ र यसरी आफ्नो हक भन्दा कम हकप्रद शेयर खरिदका लागि आवेदन दिने शेयरधनीहरुको हकमा दरखास्तमा माग गरे बमोजिम नै हकप्रद शेयर बाँडफाँड गरिनेछ ।

**ण) विगतको तथा आगामी ३ बर्षको प्रक्षेपित वित्तीय विवरणका साथ नेटवर्थ :**

**वासलात**

(रु. हजारमा)

| पूँजी तथा दायित्व | वास्तविक | | | *आ.ब. ०७३/०७४ चैत्र मसान्त सम्मको | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|---|
| | आ.ब. ०७०/०७१ | आ.ब. ०७१/०७२ | आ.ब. ०७२/०७३ | | आ.ब. ०७३/०७४ | आ.ब. ०७४/०७५ | आ.ब. ०७५/०७६ |
| १.शेयर पूँजी | २७८,३०० | ३४१,१९६ | ८०४,३७९ | ८०४,३७९ | १,०४५,६९३ | १,०४५,६९३ | १,०४५,६९३ |
| २.जगेडा तथा कोषहरु | ४१,७२९ | ५६,८२९ | १४१,२५४ | २८५,९९९ | ३४३,२३७ | ५८३,६५१ | ८५९,१११ |
| ३.ऋणपत्र तथा बण्ड | - | - | - | - | - | - | - |
| ४.तिर्न बाँकी कर्जा सापट | - | - | - | - | - | - | - |
| ५.निक्षेप दायित्व | २,६६४,७६८ | ३,१४२,४८७ | ६,९०६,१४१ | ६,७०७,३९८ | ८,६३२,७२९ | १०,३५८,८६५ | १२,४३०,४०६ |
| ६.भुक्तानी दिनु पर्ने बिलहरु | ३६९ | १,२२४ | २२३ | ४३ | - | - | - |
| ७.प्रस्तावित तथा भुक्तानी दिन बाँकी लाभांश | २,५४२ | ३,३१० | - | - | - | - | - |
| ८.आयकर दायित्व | १,१०० | २,१२२ | ३५५ | ६२,०३४ | ८६,५६४ | १०३,०३५ | ११८,०५४ |
| ९.अन्य दायित्व | ३६,५७५ | ४१,५३३ | ९२,६२७ | ९०,००३ | १०१,८८९ | ११२,०७८ | १२३,२८६ |
| **कुल दायित्व** | **३,०२५,३८४** | **३,५८८,७०१** | **७,९४४,९७९** | **७,९४९,८५६** | **१०,२१०,११३** | **१२,२०३,३२३** | **१४,५७६,५५१** |

| सम्पत्ति | वास्तविक | | | *आ.ब. ०७३/०७४ चैत्र मसान्त सम्मको | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|---|
| | आ.ब. ०७०/०७१ | आ.ब. ०७१/०७२ | आ.ब. ०७२/०७३ | | आ.ब. ०७३/०७४ | आ.ब. ०७४/०७५ | आ.ब. ०७५/०७६ |
| १.नगद मौज्दात | ३८,६१३ | ५०,००४ | १३६,५९७ | १४५,१९३ | ११३,९०९ | १४६,४१४ | १३५,६०४ |
| २.नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात | १४२,२२२ | १९८,९५७ | ५९१,४५० | ३९४,९४४ | ४१४,६९१ | ४९७,६२९ | ५९७,१५५ |
| ३.बैक/बित्तीय संस्थामा रहेको मौज्दात | १,९८३ | २,८७२ | ६६,२३५ | १,०७४,४६९ | ८५९,५७५ | ८१६,५९७ | ८९८,२५६ |
| ४.माग तथा अल्प सुचनामा प्राप्त हुने रकम | ७१२,८२२ | ७६०,९६३ | १,१०८,३२१ | - | ९४२,०७३ | १,३१८,९०२ | १,६४८,६२८ |
| ५.लगानी | ६,१०० | १,१०० | ६६,९९६ | १०२,७८० | १३०,५३१ | १३२,०६१ | १३३,६६७ |
| ६.कर्जा सापट तथा बिल खरिद | २,०७४,०५७ | २,५२७,३०९ | ५,८९१,३४९ | ६,०७२,९१० | ७,६४८,४५८ | ९,१७८,१५० | ११,०११,७७० |
| ७.स्थिर सम्पत्ति | ४२,४३८ | ३९,५६४ | ७४,४२४ | ६८,२५६ | ७८,१४५ | ८५,९६० | ९४,५५६ |
| ८.गैर बैंकिंङ्ग सम्पत्ति | - | - | - | - | - | - | - |
| ९.अन्य सम्पत्ति | ७,१४८ | ७,९३१ | ९,६०६ | ९१,३०४ | २२,७३० | २७,६१० | ५६,९१५ |
| **कुल सम्पत्ति** | **३,०२५,३८४** | **३,५८८,७०१** | **७,९४४,९७९** | **७,९४९,८५६** | **१०,२१०,११३** | **१२,२०३,३२३** | **१४,५७६,५५१** |

**नोट : *आ.ब.०७३/०७४ चैत्र मसान्त सम्मको विवरण ब्यवस्थापनबाट प्रमाणित तर लेखा परिक्षण हुन बाँकी वित्तीय विवरणहरु हो ।**

## नाफा नोक्सान हिसाव

(रु.हजारमा)

| विवरण | वास्तविक (रु. हजारमा) | | | *आ.ब. ०७३/०७४ चैत्र मसान्त सम्मको | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|---|
| | आ.ब. ०७०/०७१ | आ.ब. ०७१/०७२ | आ.ब. ०७२/०७३ | | आ.ब. ०७३/७४ | आ.ब. ०७४/७५ | आ.ब. ०७५/७६ |
| १. ब्याज आम्दानी | ३०३,११४ | ३३०,२६३ | ४०१,६१२ | ५८७,८२१ | ८८९,८८५ | १,०९७,४९३ | १,३०९,९९१ |
| २. ब्याज खर्च | १७३,१८४ | १६७,९७६ | १९४,३५१ | २७९,०५१ | ४६६,१६६ | ५६९,७४८ | ६८३,६७८ |
| **खुद ब्याज आम्दानी** | **१२९,९३१** | **१६२,२८७** | **२०७,२६१** | **३०८,७७०** | **४२३,७१९** | **५२७,७४५** | **६२६,३१३** |
| ३.कमिशन तथा डिस्काउण्ट | ४,३७० | ४,८७३ | ४,२८१ | ६,०८६ | ८,११५ | ८,५२१ | ८,९४७ |
| ४. अन्य संचालन आम्दानी | २१,०६२ | २४,१८६ | २८,६५० | ३२,८४८ | ३७,२४४ | ३८,३६२ | ४०,२८० |
| ५. सटही घटबढ आम्दानी | - | - | - | - | - | - | - |
| **कुल संचालन आम्दानी** | **१५५,३६२** | **१९१,३४६** | **२४०,१९१** | **३४७,७०४** | **४६९,०७९** | **५७४,६२७** | **६७५,५४०** |
| ६. कर्मचारी खर्च | २३,९८१ | २६,७३३ | ३२,९९७ | ४७,५९१ | ६३,४५४ | ८८,८३६ | ११५,४८६ |
| ७. अन्य संचालन खर्च | २८,११२ | ३०,०५८ | ३८,५२५ | ४३,०२६ | ५८,३०० | ७८,३०५ | ९३,७७३ |
| ८. सटही घटबढ नोक्सान | - | - | - | - | - | - | - |
| **सम्भावित नोक्सनी ब्यबस्था अघिको संचालन मुनाफा** | **१०३,२६९** | **१३४,५५४** | **१६८,६७०** | **२५७,०८८** | **३४७,३२५** | **४०७,४८७** | **४६६,२८०** |
| ९. सम्भावित नोक्सानी | ३,४७७ | ९,९१८ | ५५२ | ३६,५४७ | ३९,१४४ | ३२,४५९ | ३६,३१८ |
| **संचालन मुनाफा/ (नोक्सान)** | **९९,७९३** | **१२४,६३७** | **१६८,११८** | **२२०,५४१** | **३०८,१८०** | **३७५,०२८** | **४२९,९६२** |
| १०.गैर संचालन आम्दानी /(नोक्सान) | ४१८ | ३,२४१ | १,९४१ | ६,९१६ | ९,२२१ | २,७६६ | २,९०५ |
| ११.सम्भावित नोक्सानी ब्यबस्थाबाट फिर्ता | - | १२ | - | - | - | - | - |
| **नियमित कारोवारबाट भएको मुनाफा** | **१००,२११** | **१२७,८९०** | **१७०,०५९** | **२२७,४५७** | **३१७,४०२** | **३७७,७९४** | **४३२,८६६** |
| १२.असामान्य कारोवारबाट भएको मुनाफा/(खर्च) | - | - | - | - | - | - | - |
| अनुदान प्राप्त सम्पत्तिको ह्रास कट्टी रकम आम्दानी | - | - | - | - | - | - | - |
| **सम्पूर्ण कारोवार समावेश पछिको खुद नाफा** | **१००,२११** | **१२७,८९०** | **१७०,०५९** | **२२७,४५७** | **३१७,४०२** | **३७७,७९४** | **४३२,८६६** |
| १३.कर्मचारी बोनस व्यवस्था | ९,११० | ११,६२६ | १५,४६० | २०,६७८ | २८,८५५ | ३४,३४५ | ३९,३५१ |
| १४.आयकर ब्यबस्था | *२७,७९८* | *३४,९५८* | *४९,५७६* | *६२,०३४* | *८६,५६४* | *१०३,०३५* | *११८,०५४* |
| यस बर्षको | २७,३६७ | ३५,०५७ | ४८,१६७ | ६२,०३४ | ८६,५६४ | १०३,०३५ | ११८,०५४ |
| गत बर्षको | - | - | ४०९ | - | - | - | - |
| पर सारिएको आयकर आम्दानी/(खर्च) | (४३०) | ९९ | (९९९) | - | - | - | - |
| **खुद मुनाफा/(नोक्सान)** | **६३,३०३** | **८१,३०६** | **१०५,०२३** | **१४४,७४५** | **२०१,९८३** | **२४०,४१५** | **२७५,४६०** |
| शेयर संख्या (हजारमा) | २,७८३ | ३,४१२ | ८,०४४ | ८,०४४ | १०,४५७ | १०,४५७ | १०,४५७ |
| प्रति शेयर आम्दानी (रु.) | २२.७५ | २३.८३ | १३.०६ | १७.९९ | १९.३२ | २२.९९ | २६.३४ |

**नोट : *आ.ब.०७३/०७४ चैत्र मसान्त सम्मको विवरण ब्यवस्थापनबाट प्रमाणित तर लेखा परिक्षण हुन बाँकी वित्तीय विवरणहरु हो ।**

| वित्तीय प्रक्षेपणका आधार तथा तरिका : | | | |
|---|---|---|---|
| विवरण | आ.ब.०७३/०७४ | आ.ब.०७४/०७५ | आ.ब.०७५/०७६ |
| १. कुल निक्षेपमा औषत बृद्धिदर (प्रतिशतमा) | ३०% | २०% | २०% |
| २. कुल कर्जा तथा सापटमा औषत बृद्धिदर (प्रतिशतमा) | २५% | २०% | २०% |
| ३. कुल कर्जा तथा निक्षेप + पूँजिकोष अनुपात (प्रतिशतमा) | ७७.५८% | ७७.८३% | ७८.०७% |
| ४. कुल आयमा औषत बृद्धिदर | १५०.००% | १२२.००% | ११९.००% |
| ५. कुल खर्चमा औषत बृद्धिदर | १५५.००% | १२३.००% | १२१.००% |
| ६. संचालन खर्च तथा कुल आम्दानी अनुपात | १४.००% | १५.००% | १६.००% |
| ७. खुद मुनाफामा औषत बृद्धिदर | ९३.००% | २०.००% | १५.००% |
| ८. निक्षेपको औसत ब्याज दर (प्रतिशतमा) | ६.००% | ६.००% | ६.००% |
| ९. कर्जा तथा सापटको औषत ब्याजदर(प्रतिशतमा) | १२.५०% | १२.५०% | १२.५०% |
| १०. आयकर ब्यवस्था (प्रतिशतमा) | ३०.००% | ३०.००% | ३०.००% |
| ११. निस्क्रिय कर्जा सापट (प्रतिशतमा) | १.००% | १.००% | ०.९५% |
| १२. लगानीमा प्रतिफल | - | - | - |
| १३. अन्य संचालन खर्चको बृद्धिदर | ३६.००% | ३५.००% | २०.००% |
| १४. कर्मचारी खर्चमा बृद्धिदर | ३३.३३% | ४०.००% | ३०.००% |
| १५.% of Provision on Total Gross Loan | १.६३% | १.६३% | १.६१% |
| १६. CRR | ५.५७% | ५.६५% | ५.७२% |
| १७. SLR | ११.४९% | ११.६७% | ११.७७% |
| १८. CAR | १७.८२% | १८.१९% | १७.२०% |

**द्रष्टब्य :** साविकको कामना विकास बैंक लि. र कास्की फाइनान्स लि. एक आपसमा मर्ज भई मिति २०७३ आषाढ ६ गतेबाट राष्ट्रिय स्तरको विकास बैंकको रुपमा कारोवार गर्दै आएको हुँदा माथि प्रक्षेपित वित्तीय विवरणका केही शिर्षकहरुमा अस्वभाविक बृद्धि देखिएको हो ।

**नेटवर्थ सम्बन्धी विवरण :**

| विवरण | वास्तविक (रु. हजारमा) | | | प्रक्षेपित(रु. हजारमा) | | |
|---|---|---|---|---|---|---|
| | आ.ब. ०७०/०७१ | आ.ब. ०७१/०७२ | आ.ब. ०७२/०७३ | आ.ब. ०७३/७४ | आ.ब. ०७४/७५ | आ.ब. ०७५/७६ |
| चुक्ता पुंजी | २७८,३०० | ३४१,१९६ | ८०४,३७९ | १,०४५,६९३ | १,०४५,६९३ | १,०४५,६९३ |
| जगेडा तथा कोषहरु | ४१,७२९ | ११९,७२५ | १४१,२५४ | ३४३,२३७ | ५८३,६५१ | ८५९,१११ |
| **कुल** | **३२०,०२९** | **४६०,९२१** | **९४५,६३३** | **१,३८८,९२९** | **१,६२९,३४४** | **१,९०४,८०४** |
| घटाउने:अपलेखन गर्न बाँकी खर्च | (२,०८१) | (१,८३२) | (२,४२६) | (३,१६९) | (३,८८६) | (४,६६३) |
| **कुल नेटवर्थ** | **३१७,९४८** | **४५९,०८८** | **९४३,२०७** | **१,३८५,७६०** | **१,६२५,४५८** | **१,९००,१४१** |
| शेयर संख्या (हजारमा) | २,७८३ | ३,४१२ | ८,०४४ | १०,४५७ | १०,४५७ | १०,४५७ |
| प्रति शेयर नेटवर्थ (रु.) | ११४.२५ | १३४.५५ | ११७.२६ | १३२.५२ | १५५.४४ | १८१.७१ |
| प्रति शेयर चुक्ता पुंजी | १०० | १०० | १०० | १०० | १०० | १०० |
| नेटवर्थमा औसत प्रतिफल | १९.९१% | १७.७१% | ११.१३% | १४.५८% | १४.७९% | १४.५०% |
| निष्काशन पूर्वको प्रति शेयर आम्दानी (EPS) कायम राख्न बृद्धि हुने नेटवर्थमा आवश्यक न्यूनतम प्रतिफल प्रतिशतमा | | | | **११.५३%** | | |

माथि उल्लेखित आर्थिक तथा वित्तीय प्रक्षेपण र विश्लेषण विगत वर्षको कारोबारहरुको आधारमा निष्काशनकर्ता विकास बैंक आफैले तयार पारेको हो । उक्त प्रक्षेपित वित्तीय विवरणहरु यथार्थपरक भएको व्यहोरा प्रमाणित गर्ने विशेषज्ञमा चार्टर्ड एकाउण्टेण्ट संस्था आरकेएस एण्ड एसोसिएट्स, नारायणचौर, नक्साल, काठमाण्डौ रहेको छ ।

**त) संगठित संस्थाको पछिल्लो बर्षको लेखापरीक्षण भएको वासलात र नाफा नोक्सान हिसाबको विवरण :**

**२०७३ साल आषाढ मसान्तको वासलात**

| पूँजी तथा दायित्व | रकम (रु.हजारमा) |
|---|---|
| १. शेयर पूँजी | ८०४,३७९ |
| २. जगेडा तथा कोषहरु | १४१,२५४ |
| ३. ऋणपत्र तथा बण्ड | - |
| ४. तिर्न बाँकी कर्जा सापट | - |
| ५. निक्षेप दायित्व | ६,९०६,१४१ |
| ६. भुक्तानी दिनु पर्ने बिलहरु | २२३ |

| | |
|---|---|
| ७. प्रस्तावित तथा भुक्तानी दिन बाँकी लाभांश | - |
| ८. आयकर दायित्व | ३५५ |
| ९. अन्य दायित्व | ९२,६२७ |
| **कुल दायित्व** | **७,९४४,९७९** |
| **सम्पत्ति** | **रकम (रु.हजारमा)** |
| १. नगद मौज्दात | १४५,१९३ |
| २. नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात | ३९४,९४४ |
| ३. बैक /बित्तीय संस्थामा रहेको मौज्दात | १,०७४,४६९ |
| ४. माग तथा अल्प सुचनामा प्राप्त हुने रकम | - |
| ५. लगानी | १०२,७८० |
| ६. कर्जा सापट तथा बिल खरिद | ६,०७२,९१० |
| ७. स्थिर सम्पत्ति | ६८,२५६ |
| ८. गैर बैंकिङ्ग सम्पत्ति | - |
| ९. अन्य सम्पत्ति | ९१,३०४ |
| **कुल सम्पत्ति** | **७,९४९,८५६** |

**२०७२ श्रावण १ गते देखि २०७३ आषाढ मसान्त सम्मको नाफा नोक्सान हिसाब**

| **विवरण** | **रकम (रु.हजारमा)** |
|---|---|
| १.व्याज आम्दानी | ४०१,६१२ |
| २.व्याज खर्च | १९४,३५१ |
| **खुद ब्याज आम्दानी** | **२०७,२६१** |
| ३.कमिशन तथा डिस्काउण्ट | ४,२८१ |
| ४.अन्य संचालन आम्दानी | २८,६५० |
| ५.सटही घटबढ आम्दानी | - |
| **कुल संचालन आम्दानी** | **२४०,१९१** |
| ६.कर्मचारी खर्च | ३२,९९७ |
| ७.अन्य संचालन खर्च | ३८,५२५ |
| ८.सटही घटबढ नोक्सान | - |
| **सम्भावित नोक्सनी ब्यबस्था अधिको संचालन मुनाफा** | **१६८,६७०** |
| ९.सम्भावित नोक्सानी | ५५२ |
| **संचालन मुनाफा/(नोक्सान)** | **१६८,११८** |
| १०.गैर संचालन आम्दानी/(नोक्सान) | १,९४१ |
| ११.सम्भावित नोक्सानी ब्यबस्थाबाट फिर्ता | - |
| **नियमित कारोवारबाट भएको मुनाफा** | **१७०,०५९** |
| १२.असामान्य कारोवारबाट भएको मुनाफा/(खर्च) | - |
| अनुदान प्राप्त सम्पत्तिको ह्रास कट्टी रकम आम्दानी | - |
| **सम्पूर्ण कारोवार समावेश पछिको खुद नाफा** | **१७०,०५९** |
| १३.कर्मचारी बोनस व्यवस्था | १५,४६० |
| १४.आयकर ब्यवस्था | ४९,५७६ |
| यस वर्षको | ४८,१६७ |
| गत वर्षको | ४०९ |
| पर सारिएको आयकर आम्दानी / (खर्च) | (९९९) |
| **खुद मुनाफा/(नोक्सान)** | **१०५,०२३** |
| शेयर संख्या (हजारमा) | ८,०४४ |
| प्रति शेयर आम्दानी (रु.) | १३.०६ |

**थ) संगठित संस्थाले गर्ने भनिएको काममा निहित संभावित जोखिमहरु :**

- क) विद्यमान बैंक तथा वित्तीय संस्थाहरु र नयाँ बैंक/वित्तीय संस्थाहरुको प्रवेशबाट उत्पन्न हुने प्रतिस्पर्धाबाट हुन सक्ने जोखिमहरु ।
- ख) विकास बैंकले प्रदान गरेको कर्जा तथा सापट खराब कर्जामा परिणत हुन गएमा हुने जोखिम ।
- ग) देशको वित्तीय नीति, मौद्रिक नीति र बैंक तथा वित्तीय संस्था सम्बन्धी नीतिमा नेपाल सरकारबाट हुन सक्ने परिवर्तनबाट विकास बैंकको मुनाफामा पर्न सक्ने प्रतिकुल प्रभाव ।
- घ) देशको राजनैतिक अस्थिरताबाट आउन सक्ने जोखिमहरु ।
- ङ) देशको आर्थिक अवस्थामा आउने उतार चढावबाट हुन सक्ने जोखिमहरु ।
- च) नेपाल सरकार तथा नेपाल राष्ट्र बैंकको आर्थिक तथा वित्तीय नीति नियममा हुने परिवर्तनबाट श्रृजित हुन सक्ने जोखिमहरु ।
- छ) निक्षेप तथा कर्जाको ब्याजदरमा आउने परिवर्तन तथा यथा-समयमा कर्जा असुली नभई उत्पन्न हुनसक्ने आर्थिक जोखिमहरु ।
- ज) पूँजी बजारको अवस्थामा आउने उतार चढावबाट पर्न सक्ने जोखिमहरु ।
- झ) नेपाल सरकार तथा नेपाल राष्ट्र बैंकको आर्थिक तथा वित्तीय नीति नियममा हुने परिवर्तनबाट श्रृजित हुनसक्ने जोखिमहरु ।
- ञ) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय राजनैतिक परिस्थिति तथा आर्थिक मन्दीबाट पर्न सक्ने जोखिमहरु ।

यस विकास बैंकको सञ्चालनको इतिहास करिब १० (दश) वर्षको रहेकोछ । विकास बैंकको कर्जा तथा लगानी खराब भए हुन सक्ने जोखिमहरुको लागि कर्जा जोखिम कोष, लगानीमा सम्भावित हानी नोक्सानी वापतको व्यवस्था जस्ता कोषहरु रहेका छन् । यस विकास बैंकले वित्त बजारमा हुने प्रतिस्पर्धाको लागि जनशक्ति बिकासमा आवश्यक ध्यान पुऱ्याएको छ । यस बाहेकका व्यावसायिक जोखिमहरुबाट सिर्जना हुन सक्ने हानी नोक्सानीको लागि व्यवस्थापन चनाखो भई सम्भावित हानी नोक्सानी हुन नदिन सक्षम तथा प्रतिबद्ध छ ।

**धितोपत्रको मूल्य परिवर्तन सम्बन्धी जोखिम**

रु.१००/-प्रति शेयरका दरले निष्काशन गरिएको शेयर मूल्यले सूचीकरण पश्चात् नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा हुने कारोबार मूल्य नजनाउने भएकोले शेयर मूल्यमा हुनसक्ने परिवर्तनको जोखिम रहेको छ ।

**द) धितोपत्र बाँडफाँट सम्बन्धी ब्यवस्था :**

यस विवरण मार्फत निष्काशन गरिने हकप्रद साधारण शेयर प्रचलित "धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४" ले निर्धारित गरेको समयभित्र विकास बैंकको संचालक समितिले हकप्रद शेयरको बाँडफाँट गरी बाँडफाँटमा परेको हकप्रद शेयर सम्बन्धित शेयरधनीको हितग्राही खातामा जम्मा गरी दैनिक पत्रिकामा सूचना प्रकाशित गरिनेछ ।

**ध) संगठित संस्थाको प्रबन्धपत्र, नियमावली, पछिल्लो वर्षको लेखापरीक्षण भएको वासलात, नाफा नोक्सान हिसाब, लेखापरीक्षण प्रतिवेदन निरीक्षण गर्न पाइने समय र स्थान :**

कार्यालय समयभित्र निम्न लिखित स्थानहरुमा सम्पर्क राखी विकास बैंकको प्रबन्धपत्र, नियमावली, वासलात, नाफा–नोक्सानको विवरण निरीक्षण गर्न सकिनेछ :

- क) विकास बैंकको रजिष्टर्ड कार्यालय, सृजनाचोक, पोखरा ८, कास्की ।
- ख) धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक : एनआईबिएल क्यापिटल मार्केट्स लिमिटेड, लाजिम्पाट, काठमाडौं ।

**न) निष्काशन हुने धितोपत्र प्रत्याभूति गरेको भए सो को विवरण :**

निष्काशन गरिने हकप्रद शेयरको लागि कुनै प्रत्याभुति गरिएको छैन ।

**प) शेयर सूचिकरण गराउने सम्बन्धी व्यवस्था :**

यस विवरण अनुसार साविक शेयरधनीहरुलाई जारी गरिएका हकप्रद साधारण शेयरहरु बाँडफाँट गरे पश्चात् नेपाल धितोपत्र बोर्डको प्रचलित "धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४" मा भएको व्यवस्था अनुसार नेपाल स्टक एक्सचेन्ज लिमिटेड, सिंहदरवारप्लाजा, काठमाण्डौंमा प्रचलित सूचिकरण सम्बन्धी व्यवस्थामा भएको प्रावधान अनुसार सूचिकरण गराई अभौतिक रुपमा हकप्रद शेयर वितरण गरी सो को खरिद बिक्रीको व्यवस्था मिलाइनेछ । साथै नेपाल धितोपत्र बोर्डमा दर्ता भएको धितोपत्र सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा समेत दर्ता गरिनेछ ।

**फ) संगठित संस्थाको कारोबारमा असर पर्ने कुनै विवाद/मुद्दा मामिला भए सो को विवरण :**

विकास बैंकको कारोबारमा असर पर्ने कुनै विवाद मुद्दा मामिला छैन ।

**ब) धितोपत्र खरिद गर्न चाहने आवेदकले पालना गर्नुपर्ने मुख्य कुराहरु :**

- १) हकप्रद शेयर खरिद गर्नका लागि हकप्रद शेयरको निष्काशन पूर्व विकास बैंकले सार्वजनिक सूचना मार्फत् जानकारी गराएको मिति सम्ममा शेयर खरिद गरी कायम भएका साविक शेयरधनीहरुले मात्र हकप्रद शेयर खरिद गर्न आवेदन दिन पाउने छन् ।
- २) हकप्रद शेयर खरिद गर्नका लागि आवेदन दिंदा आफ्नो नाममा दर्ता रहेको शेयर संख्या, शेयर प्रमाणपत्र नम्बर, शेयरधनी नम्बर तथा आफूले लिन चाहेको हकप्रद शेयर संख्या समेत खोली विकास बैंकद्वारा तोकिएको ढाँचाको आवेदन फाराम भरी दरखास्त दिनु पर्नेछ ।
- ३) आवेदन फाराम अंग्रेजी तथा नेपाली दुवै भाषामा पूर्ण रुपले भर्नु पर्नेछ ।
- ४) हकप्रद शेयरका लागि आवेदन दिंदा आफूले लिन चाहेको शेयर संख्या वापत प्रति शेयर रु.१००/–का दरले हुने एकमुष्ट रकम तोकिएको संकलन केन्द्रहरु वा निष्काशन बैंकको खातामा जम्मा गरी सो को सक्कल भौचर साथै राखी आवेदन दिनु पर्नेछ ।
- ५) संयुक्त नाममा रहेका साविक शेयरधनीहरुले आवेदन दिंदा संयुक्त रुपमा नै हकप्रद शेयर खरिदका लागि दरखास्त दिनु पर्नेछ ।
- ६) हकप्रद शेयर बाँडफाँट गर्दा जुन समूहको शेयरधनी हो, सो शेयरधनीलाई सोही समूहको शेयरको अनुपातमा बाँडफाँट गरिनेछ ।

७) तोकिएको समयभित्र हकप्रद शेयर खरिदका लागि आवेदन पेश नगर्ने तथा दरखास्त साथ शेयर बापतको रकम दाखिल नगर्ने साविक शेयरधनीहरुले पछि हकप्रद शेयरको लागि कुनै किसिमको दावी गर्न पाउने छैन ।

८) हकप्रद शेयर सम्बन्धी कुनै विवाद भएमा वा परेमा विकास बैंकको संचालक समितिले गरेको निर्णय अन्तिम हुनेछ ।

९) यस विवरण मार्फत निष्काशन गरिने हकप्रद साधारण शेयर प्राप्त गर्ने डिम्याट खाता (DMAT Account/BOID No.) भएका आवेदकहरुलाई नीजहरुले चाहेको खण्डमा धितोपत्रको प्रमाणपत्र अभौतिक रुपमा समेत उपलब्ध गराउने व्यबस्था गरिने हुँदा नीजहरुले शेयर खरिदका लागि आवेदन दिँदा आफ्नो डिम्याट खाता (DMAT Account/BOID No.) समेत आवेदन फाराममा स्पष्ट रुपमा उल्लेख गर्नु पर्नेछ । साथै कुनै पनि शेयरधनीको भौतिक तथा अभौतिक (डिम्याट) रुपमा शेयर कायम रहेको शेयर अनुसार हकप्रद शेयर भर्दा त्यस्ता शेयरधनीको शेयर भौतिक तथा अभौतिक (डिम्याट) जुन रुपमा कायम रहेको भएता पनि एउटै मात्र आवेदन फाराम भरी दरखास्त दिनु पर्नेछ ।

**भ) आफ्नो हक अन्य व्यक्तिलाई हस्तान्तरण गर्ने गरी मनोनयन गरेको अवस्थामा पालना गर्नुपर्ने कुराहरु :** हक हस्तान्तरण सम्बन्धी कुनै व्यवस्था नरहेको ।

**म) संगठित संस्थाको लेखापरीक्षक, कम्पनी सचिव, वित्तीय विवरण प्रक्षेपण गर्ने विशेषज्ञ, प्रक्षेपित विवरणको प्रक्षेपण/अनुमानको आधार तथा तरिका बारे पुनरावलोकन गरी सन्तुष्ट भएको राय ब्यक्त गर्ने विशेषज्ञ, "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" तयार गर्ने विशेषज्ञ तथा निष्काशन तथा बिक्री प्रबन्धकको नाम, ठेगाना :**

क) विकास बैंकको दशौं बार्षिक साधारण सभाको निर्णय बमोजिम आ.ब.२०७३/०७४ को बाह्य लेखापरीक्षण कार्य गर्नको लागि चार्टर्ड एकाउन्टेण्ट संस्था पि.एल.आर.जि. एसोसिएट्सका श्री प्रकाश लम्साल (चार्टर्ड एकाउण्टेण्ट) न्यूप्लाजा मार्ग, पुतलीसडक, काठमाण्डौंलाई नियुक्त गरिएको छ ।

ख) यस विकास बैंकको कम्पनी सचिवमा लेखनाथ १, भण्डारढिक, कास्की निवासी श्री उमेश कुमार आचार्य कार्यरत हुनु हुन्छ ।

ग) विकास बैंकको वित्तीय विवरण प्रक्षेपण विगत वर्षहरुको कारोबारको आधारमा निष्काशनकर्ता विकास बैंक आफैले तयार गरेको हो । उक्त वित्तीय विवरण तथा प्रक्षेपणको अनुमान तथा आधारहरु हालको वित्तीय बजारको स्थिति, निष्काशनकर्ता विकास बैंकको हालको दक्षता र निष्काशनकर्ता विकास बैंकले प्राप्त गरेको हालसम्मको कार्य प्रगतिको आधारमा पुनरावलोकन गरी विवरण ठीक छ भनी प्रमाणित गर्ने विशेषज्ञमा चार्टर्ड एकाउण्टेण्ट संस्था आर के एस एण्ड एशोसिएट्स, नारायणचौर, नक्साल पुतलीसडक, काठमाण्डौं रहेको छ ।

घ) यस "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" व्यावसायिक संस्था श्री एनआईबिएल क्यापिटल मार्केट्स लिमिटेड, लाजिम्पाट, काठमाण्डौंले तयार गरेको हो ।

ङ) यस हकप्रद शेयर निष्काशनका लागि धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकमा नेपाल धितोपत्र बोर्डबाट निष्काशन तथा बिक्री प्रबन्धकको प्रमाणपत्र प्राप्त धितोपत्र व्यवसायी श्री एनआईबिएल क्यापिटल मार्केट्स लिमिटेड, लाजिम्पाट, काठमाण्डौं रहेकोछ ।

**य) हकप्रद शेयर जारी गर्नुको उद्देश्य :**

१) नेपाल राष्ट्र बैकको निर्देशन बमोजिम कायम हुनु पर्ने पुंजीकोषको अनुपात कायम गर्नको लागि हकप्रद शेयर निष्काशन गरी पूँजी संकलन गर्न ।

२) विकास बैंकको पूँजीगत योजना बमोजिमको पूँजी पुर्‍याउने उद्देश्य अनुरुप दशौं बार्षिक साधारण सभाबाट १० : ३ को अनुपातमा हकप्रद शेयर जारी गरी पूँजी वृद्धि गर्ने निर्णय गरेकोले सोही बमोजिम पूँजी संकलन गर्न ।

३) विकास बैंकले सेवा विस्तार गर्ने क्रममा लगानी बढाउन तथा वित्तीय एवं आर्थिक गतिविधिलाई विस्तार गर्नका लागि आवश्यक पूँजी संकलन गर्न ।

४) विकास बैंकको प्रबन्धपत्रमा उल्लेख गरिएको उद्देश्यहरु अनुरुप गर्नुपर्ने कार्यहरुको लागि विकास बैंकको शाखा विस्तार गरी कारोबार वृद्धि गर्न आवश्यक पूँजी जुटाउन र

५) विकास बैंकको निक्षेपकर्ताहरुको हितको संरक्षणलाई सर्वोपरी राख्नको लागि विकास बैंकको पूँजी आधारलाई मजवुत तुल्याइ राख्न ।

६) हकप्रद शेयर जारी गरी प्राप्त हुने पूँजी विकास बैंकबाट देहाय बमोजिम उपयोग गरिने योजना रहेको छ ।

| क्र.सं. | विवरण | रकम (रु.) |
|---|---|---|
| १. | तरलता कायम गर्न नेपाल राष्ट्र बैंकमा कायम गरिने मौज्दात | करिब रु.५,००,००,०००/- |
| २. | कर्जा तथा लगानी प्रवाह | करिब रु.१५,००,००,०००/- |
| ३. | शाखा विस्तार | करिब रु.२,००,००,०००/- |
| ४. | सरकारी ऋणपत्र | करिब रु.२,१३,००,०००/- |
| | **जम्मा** | **करिव रु.२४,१३,००,०००/-** |

**र) हकप्रद शेयर बिक्री खुल्ला अवधि :**

हकप्रद शेयरको लागि दरखास्त लिने कार्य कम्तिमा ३५ (पैंतिस) दिनका लागि खुल्ला राखिनेछ । सो समयावधि भित्र सम्पूर्ण हकप्रद शेयरको लागि आवेदन नपरेमा धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम १८ को अधिनमा रही आवेदन खुल्ला भएको मितिले बढीमा १५ (पन्ध्र) दिन सम्मका लागि धितोपत्रको दरखास्त खुल्ला अवधि थप गर्न सकिनेछ ।

**ल) हकप्रद शेयर खरिदका लागि दरखास्त पाईने, रकम जम्मा गर्ने र आवेदन बुझाउने स्थानहरुका साथै हकप्रद शेयर खरिदका लागि तयार गरिएको "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" प्राप्त गर्न वा हेर्न सक्ने स्थानहरु :**

१. एनआईबिएल क्यापिटल मार्केट्स लिमिटेड, लाजिम्पाट, काठमाण्डौं ।
२. कामना विकास बैंक लि.को रजिष्टर्ड (केन्द्रिय) कार्यालय सृजनाचोक, पोखरा ८, कास्की तथा सम्पूर्ण शाखा कार्यालयहरु ।
३. नेपाल इन्भेष्टमेन्ट बैंक लि. को शाखा कार्यालयहरु : विराटनगर, बीरगञ्ज, वुटवल, नेपालगञ्ज र धनगढी ।

उपरोक्त स्थानहरुको अलावा धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकद्वारा अन्य माध्यम मार्फत् सूचित गरिने संकलन केन्द्रको रुपमा कार्य गर्ने गरी नियुक्त संकलन केन्द्रहरुबाट आवेदन फाराम तथा "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" प्राप्त गर्न र आवेदन फाराम साथ शेयर रकम जम्मा गर्ने व्यवस्था गरिनेछ । हकप्रद निष्काशनको क्रममा ड्राफ्ट संलग्न गरी दरखास्त दिन पाइने र यसरी दरखास्तवालाहरुले दरखास्त दिन चाहेमा शेयर निष्काशन बन्द हुने अघिको मितिसम्ममा एनआईबिएल क्यापिटल मार्केट्स लि.को नाममा खिचिएको एकाउण्टपेयी **(A/c Payee)** ड्राफ्टका साथ शेयरको दरखास्त फाराम नेपाल सरकार, हुलाक सेवा मार्फत रजिष्ट्री गरी एनआईबिएल क्यापिटल मार्केट्स लि., लाजिम्पाट, काठमाण्डौंमा पठाएको निवेदनलाई मात्र बाँडफाँटमा समावेश गरिनेछ । शेयर बिक्री बन्द भएको १५ (पन्ध्र) दिनपछि प्राप्त ड्राफ्ट र आवेदन फारामलाई बाँडफाँडमा समावेश गरिने छैन । हकप्रद शेयर खरिदका लागि दरखास्त फाराम धितोपत्र निष्काशन तथा विक्री प्रवन्धक श्री एनआईबिएल क्यापिटल मार्केट्स लिमिटेडको वेवसाइट www.niblcapital.com र कामना विकास बैंक लि.को वेभसाइट www.kamanabank.com.np बाट डाउनलोड गरी भरेर पठाउन सकिनेछ ।

**व) आफ्नो व्यवसायसँग सम्वन्धित ऐन, नियम, कम्पनी ऐन, तथा अन्य नियमन निकायले दिएको निर्देशनहरुको पूर्ण पालना गरेको सम्बन्धमा उद्घोषण :**

विकास बैंकले गर्ने व्यवसायसँग सम्वन्धित ऐन, नियम, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३, कम्पनी ऐन, २०६३ तथा अन्य नियमन निकायले दिएको निर्देशनहरुको पूर्ण रुपमा पालना गरिएको छ र सोही दायराभित्र रही आफ्नो कारोबार गर्दै आइरहेको छ । साथै यस विकास बैंकको संचालकहरु एवं संस्थापकहरु कम्पनी ऐन, २०६३, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ तथा अन्य प्रचलित नेपाल कानूनमा भएको व्यबस्था अनुसार कालोसूचीमा समावेश नरहनुका साथै योग्य रहेको उद्घोषण विकास बैंकको रहेको छ ।

साथै नेपाल राष्ट्र बैंकले इजाजतपत्र प्राप्त संस्थाहरुलाई २०७४ आषाढ मसान्त भित्र न्यूनतम चुक्ता पूँजी बृद्धि गरी सक्नु पर्ने गरी निर्देशन दिएको सन्दर्भमा यस विकास बैंकले देहायको शर्तहरु पूरा गरेको हुँदा यस विवरण मार्फत निष्काशन गरिने धितोपत्रहरु क्रेडिट रेटिङ्ग गर्न नपर्ने स्वघोषणा: विकास बैंकको रहेको छ ।

१. अंकित मूल्यमा हकप्रद शेयर निष्काशन गरिएको ।
२. प्रति शेयर नेटवर्थ रु.१००/– भन्दा बढी भएको । (२०७३ पौष मसान्तसम्मको रु.१३०।०६ रहेको)
३. अंकित मूल्य भन्दा बजार मूल्य बढि भएको । (२०७३ मंसीर १० गते रु.३५५ रहेको)
४. विगत ५ बर्ष देखि संचालनमा रही कम्तिमा ३ बर्ष नाफामा संचालनमा रहेको र संचित नोक्सान नभएको । (आ.व ०७०/०७१ मा रु.६,३३,०३,२०४/३०, आ.व ०७१/०७२ मा रु.८१३,०५,६७४/६० र आ.व ०७२/०७३ मा रु.१०,५०,२२,८७८/६७ रहेको छ । )
५. NPA (Non Performing Asset) नेपाल राष्ट्र बैंकले तोकिएको सीमा भित्र भएको । (१.४८% २०७३ पौष मसान्तमा)
६. पूँजी बृद्धि गरिएको सम्बन्धमा प्रबन्धपत्र तथा नियमावलीमा उल्लेख गरी कम्पनी रजिष्ट्रारको कार्यालयमा अभिलेख भएको ।

**श) पछिल्लो ३ बर्ष तथा तीन महिनाको अधिकतम, न्यूनतम, अन्तिम बजार मूल्यका साथै कारोबार भएको संख्या सम्बन्धी विवरण :**

| आर्थिक बर्ष | अधिकतम शेयर मूल्य (रू.) | न्युनतम शेयर मूल्य (रू.) | अन्तिम बजार मूल्य (रू.) | शेयर कारोबार संख्या (हजारमा) |
|---|---|---|---|---|
| ०७०/०७१ | ३४३ | १२२ | ३४० | १९७ |
| ०७१/०७२ | ३४८ | २९५ | ३३७ | ५७ |
| ०७२/०७३ | ३८८ | ३३० | ३३० | ८ |
| २०७३ मंसिर | ४१८ | ३४९ | ३५५ | ७ |
| २०७३ पौष | कामना विकास बैंक लि. र सेवा विकास बैंक लि. एक आपसमा मर्ज भई मिति २०७३/०८/१० मा सम्झौतापत्रमा हस्ताक्षर भएकोले शेयर कारोवार रोक्का रहेको । | | | |
| २०७३ माघ | | | | |
| २०७३ फागुन | | | | |
| २०७३ चैत्र | | | | |
| २०७४ बैशाख | | | | |

__द्रष्टव्य__ : यस विकास बैंकको अद्यावधिक बजार मूल्य नेपाल स्टक एक्सचेन्ज लिमिटेडले प्रकाशित गर्ने बजार मुल्यसूचीबाट प्राप्त गर्न सकिनेछ ।

ष) यस “हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु” मा उल्लेख भएको विवरणहरु तथ्य, पूर्ण छन्, सो मा कुनै फरक परेमा हामी संचालकहरु पूर्ण रुपमा जिम्मेवार हुनेछौं भनी सहि छाप गर्ने संचालकहरुको नाम, दस्तखत ।

| सि.नं. | संचालकहरुको नाम | पद | दस्तखत |
|---|---|---|---|
| १. | सुदिप आचार्य | अध्यक्ष | |
| २. | चतुराखर अधिकारी | संचालक | |
| ३. | मदन शर्मा खनाल | संचालक | |
| ४. | खेमनाथ भट्टराई | संचालक | |
| ५. | श्रीराम पाण्डे | संचालक | |
| ६. | देवकृष्ण काफ्ले | संचालक | |
| ७. | बिष्णुराज पराजुली | संचालक | |
| ८. | बलराम बराल | संचालक | |